सुनापति गाउँपालिकाद्वारा आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिकसम्ममा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

# सार्वजनिक सुनुवाइ




## संक्षिप्त प्रतिवेदन

## आयोजक

**सुनापति गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछाप**

**प्रतिवेदक**

**रामचन्द्र वि.क.**
अध्यक्ष/प्रहार मिडिया प्रा.लि मन्थली, रामेछाप

**पौष २०८२**

## १. कार्यक्रमको परिचय

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । गाउँपालिकालाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । सुनापति गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिकसम्ममा प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । सुनापति गाउँपालिकाको वडा नं ५ खनियापानीको प्राङ्गणमा २०८२ पौष १७ गते विहिबारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो ।

*(सार्वजनिक सुनुवाईको तस्विरहरु अनुसुची-१ मा छन्)*

## २. कार्यक्रमको उद्देश्य

- सुनापति गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन तथा सहजीकरण गर्ने ब्यक्तिः** कुमार श्रेष्ठ/कैलाश खत्री/रामचन्द्र वि.क. (प्रहार मिडिया प्रा.लि.)

**सार्वजनिक सुनुवाइको सहजीकरण गर्ने संस्थाको नाम :** प्रहार मिडिया प्रा.लि.

**ठेगाना :** मन्थली नगरपालिका-१, रामेछाप

**सार्वजनिक सुनुवाईको विषय :** सुनापति गाउँपालिकाद्वारा आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिकको अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता

**कार्यक्रम आयोजक :** सुनापति गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवी, रामेछाप

**कार्यक्रम विवरण**

- मिति : १७ पौष २०८२ (विहिबार)
- स्थान : सुनापति गाउँपालिका वडा नं ५ को प्राङ्गण खनियापानी, रामेछाप
- समय : दिनको १२:३० बजे देखि ३:३० बजेसम्म (३ घण्टा )

**४. जवाफदेही वक्ताहरु**

- ठुलोकान्छा तामाङ, अध्यक्ष- सुनापति गाउँपालिका
- सुनापति गाउँपालिका उपध्यक्षः- गीता विष्ट
- सुनापति गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृतः सुरेश कुमार श्रेष्ठ
- सुनापति गाउँपालिकाका- ३, का वडाध्यक्ष :- कुल बहादुर थिङ
- सुनापति गाउँपालिकाका- ४, का वडाध्यक्ष :- डन्डुप तामाङ
- सुनापति गाउँपालिकाका- ५, का वडाध्यक्ष :- चित्र बहादुर मानन्धर

***शाखा प्रमुखहरु***

- शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख :- कमल बहादुर बम
- पूर्वाधार विकास शाखा :- प्रविण श्रेष्ठ
- स्वास्थ्य शाखा प्रमुख :- माधव प्रधान
- जिन्सी शाखा प्रमुख :- देव शंकर यादव
- रोजगार सेवा केन्द्र तथा योजना शाखा प्रमुख :- कर्ण बहादुर वि.क.
- कृषि विकास शाखा प्रमुख :- समिक्षा गौतम
- लेखा शाखा प्रमुख :- विनोद चौलागाईं
- आन्तरिक लेखा परिक्षक :- कृष्ण बहादुर कटुवाल
- पशु सेवा शाखा प्रमुख :- राजुमान घिसिङ
- भूमी व्यवस्था शाखा प्रमुख :- रचना भुजेल
- राजश्व शाखा प्रमुख :- सर्पलाल कोहली
- सामाजिक सुरक्षा तथा पञ्किरण शाख प्रमुख :- श्रीराम ढुंगाना
- प्रशासन शाखा प्रमुख :- रविन्द्र कुरेल
- उद्याम विकास शाखा प्रमुख :- रमेश कठायत
- महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख :- मिरा मगर

**५.अतिथिहरु**

***कार्यपालिका सदस्य तथा वडा सदस्यहरु***

- हरि माया श्रेष्ठ कार्यपालिका सदस्य
- रामहरी जर्गा वडा सदस्य वडा नं ५
- कमला वि.क., वडा सदस्य वडा नं ५
- चन्द्र तितुङ, वडा सदस्य वडा नं १
- राजेश्वर बोहरा, वडा सदस्य वडा नं ४

***पत्रकारहरु***

- नेपाल पत्रकार महासंघ रामेछाप शाखा पुर्वध्याक्ष- हिमाल ढुंगेल
- एपी वान टिभी रामेछाप जिल्ला संवाददाता- सुमित श्रेष्ठ
- अन्नपुर्ण पोष्ट दैनिक, रामेछाप जिल्ला संवाददाता- सन्तोष ढुंगेल
- रेडियो तिफदी मन्थलीका समाचार प्रमुख - प्रशान्त हायु

**६. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण**

| दलित | | जनजाति | | ब्राम्हण/क्षेत्री | | कूल | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| १ | २ | १९ | २० | ४ | ३० | २४ | ५२ | ७६ |

*(सहभागीहरुको विस्तृत विवरण अनुसूची-२ मा राखिएको छ ।)*

**७. संचालन प्रक्रिया**

*प्रारम्भिक चरण*


**(क) समन्वयात्मक बैठक**

सुनापति गाउँपालिकाद्वारा आ.व २०८२/०८३ को (एक वर्ष) अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङ उपाध्यक्ष श्री गीता विष्ट, प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठ, लेखा शाखाको प्रमुख विनोद चौलागाईँसँग प्रहार मिडियाका प्रा.लि. का अध्यक्ष एवं सहजकर्ता श्री रामचन्द्र वि.क.ले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाइको लागि वार्षिक कार्यक्रम अनुसार गर्ने तर कोटेशन अनुसार काम गर्ने निधो भयो र प्रहार मिडिया प्रा.लि.ले पनि कोटेशन प्रक्रियामा भाग लिँदा प्रहार मिडिया छनौट भइ कार्यक्रम गर्नको लागि सम्झौता भयो र उक्त सम्झौता अनुसार सुनापति गाउँपालिकाले मिति, स्थान र समयमा तोकेर प्रहार मिडियालाई सार्वजनिक सुनुवाइ गर्ने जिम्मेवारी दिए पछि स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, अनुसार सार्वजनिक सुनुवाइको तयारी गरिएको थियो ।

### (ख) सहजकर्ताको छनौट तथा समन्वय

सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले आयोजना गरेको पालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको कार्यालयले व्यवस्थापन तथा समन्वयका कार्यहरु गरेको थियो । सुनापति गाउँपालिकाले सहजीकरणको सम्पूर्ण जिम्मेवारी प्रहार मिडिया प्रा.लि मन्थलीका अध्यक्ष श्री रामचन्द्र वि.क.लाई दिइएको थियो । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु, शाखा प्रमुखहरु एवं संचारमाध्यमहरुसँग नियमित सम्पर्क तथा समन्वय गरिएको थियो ।

### (ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन




स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली, २०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने कम्पनीका प्रतिनिधि र सहजकर्ताद्वारा गरिएको थियो ।

### (घ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार




सुनापति गाउँपालिकाद्वारा आ.व २०८२/०८३ को पहिलो चौमासिकको अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले रामेछाप जिल्लाका रेडियो एफ्एम्हरु, विभिन्न अनलाइन मार्फत ७ दिन अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रकाशन तथा प्रशारण गरिएको थियो । त्यस्तै कार्यक्रमको सहजीकरण गर्ने प्रहार मिडिया प्रा.लिद्वारा संचालित हाम्रो प्रहार डटकमबाट पनि एक हप्ता अगाडी नै सूचना प्रकाशन गरिएको थियो । गाउँपालिका कार्यालय परिसर र वडा कार्यालयहरुमा कार्यक्रम हुने स्थल सहितको सार्वजनिक सुनुवाईको सूचना फेलेक्समा प्रिन्ट गरी टाँस गरिएको थियो । त्यस्तै वडा कार्यालयहरु, गाउँपालिकामा रहेका संघसंस्था, नेपाल पत्रकार महासंघ जिल्ला शाखा रामेछाप तथा पत्रकारहरुको सहभागीता सुनिश्चितताको लागि खबर गर्ने कार्य गरिएको थियो ।

*कार्यान्वयन चरण*

### (क) कार्यक्रमको सुरुवात, अथिति आशान ग्रहण र कार्यक्रमको उद्देश्यको बारेमा जानकारी

सुनापति गाउँ कार्यपालिकाको कार्यालय हिलेदेवीको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो । प्रहार मिडिया प्रा.लि. मन्थलीका प्रतिनिधि कुमार श्रेष्ठ र रामचन्द्र वि.क.ले सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गरेका थिए । त्यसपछि कार्यक्रमका सहजकर्ताले सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्यको बारेमा प्रकाश पार्दै सहभागी सबैलाई कार्यक्रममा सक्रियताका साथ सहभागी बन्न अनुरोध गरिएको थियो ।

### (ख) आ.व. २०८२/०८३ को पहिलो चौमासिकको प्रगति विवरण

सार्वजनिक सुनुवाईमा सुनापति गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठले आ.व २०८२/०८३ को पहिलो चौमासिकको अवधिसम्म गाउँपालिकाबाट भएको आय, ब्यय तथा समग्र प्रगतीको अवस्थाको बारेमा जानकारी गराउनु भएको थियो । *(प्रमुख प्रशासकीय अधिकृतले प्रस्तुत गरेको विस्तृत विवरण अनुसुची-३ मा उल्लेख छ ।)*

### (ग) नागरिक प्रतिवेदन (सन्तुष्टि वा असन्तुष्टि) र बहिर्गमन अभिमत संचालन तथा सार्वजनिक

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुको प्रत्यक्ष सहभागितामा नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत अनिवार्य संचालन गर्नुपर्ने ब्यवस्था रहेको छ । सोही अनुसार गाउँपालिकाका ५ ओटै वडा कार्यालय र गाउँपालिकाको कार्यालयमा पुगी त्यहाँ आएका ५० जना (४५ जनालाई सन्तुष्टि वा असन्तुष्टि फारममा समेटिएको र ५ जनासँग भिडियो कुराकानी) सेवाग्राहीसँग कुराकानी गरेर उनिहरुको अभिमतलाई नागरिक प्रतिवेदनमा समावेश गरी सार्वजनिक सुनुवाईको दिन उक्त फाराममा भएका तथ्यांकहरुलाई संयोजन गरी नतिजा सार्वजनिक गरिएको थियो ।

**निष्कर्षः** कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई कार्यालयबाट उपलब्ध हुने सेवाको बारेमा बुझ्दा र वडाको विभिन्न ठाउँमा पुगेर सेवाग्राही सँग लिएका अभिमतमा पालिका तथा वडा कार्यालयबाट सेवा प्रवाह र विकास निर्माणका कार्य हुँदा जनप्रतिनिधि र कर्मचारीले गरेका राम्रा काम र सुधार गर्नु पर्ने पक्षका विभिन्न बुँदाहरु नागरिकले दिएका र त्यस्ता सुझावहरुलाई सार्वजनिक सुनुवाईमा सम्बन्धित निकायको ध्यानकार्षण गराइएको थियो । *(विस्तृत नतिजा अनुसुची-४ मा उल्लेख छ ।)*

### (घ) हाकहाकी बहस, प्रक्रियात्माक भनाई र जिम्मेवार बक्तहरुबाट धारणा

कार्यक्रममा उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा गाउँपालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको सुनापति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, गाउँपालिकाका शाखा प्रमुखहरु सहित सरोकारवाल र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो । त्यसपछि नेपाल पत्रकार महासंघ रामेछापका पुर्वाध्यक्ष हिमाल ढुंगेलल लगायतले सार्वजनिक सुनुवाईको प्रभावकारीताको विषयमा धारणा सँगै, प्रश्न र सुझावहरु राख्नु भएको थियो । सार्वजनिक सुनुवाई उठेका सबालहरुका सम्बन्धमा

गाउँपालिका अध्यक्ष ठुलोकान्छा तामाङले सहभागीहरुले सार्वजनिक सुनुवाई तथा नागरिक अभिमतमा स्थानीयहरुले राखेका मुख्य मुख्य जिज्ञासालाई सम्बोधन गर्दै कार्यक्रम समापन गर्नुभएको थियो ।

**८) कार्यक्रममा भएका सवाल जवाफ/बहिर्गमन अभिमत मार्फत र अतिथिहरुले राखेका प्रश्न तथा सुझावहरु**

क) सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन् :

| **क्र.सं.** | **प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना** | **सहभागीको प्रश्न/गुनासो/सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना** | **जवाफको छोटकारी व्यहोरा** |
|---|---|---|---|---|
| १ | वोङ्गेल तामाङ सुनापति-५ | साँघुरो सडकलाई फरक बनाएर सधैं जसो गाडी चल्ने गरी काम हुनुपर्‍यो । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | साँघुरो सडकलाई खुल्ला बनाएर सधैंभरी गाडी चल्नेगरी बनाउने प्रतिवद्धता जनाउँदाछौं । |
| | सानो भिम बहादुर तामाङ सुनापति-५ | अस्पतालबाट एक्सरे सेवा सहितको स्वास्थ्य सेवा दिनु पर्‍यो, किसानको कुरा सुन्नु पर्‍यो । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | हामीले गाउँपालिका स्तरीय अस्पताल निर्माण गरेका छौं । अब त्यहाँ चाहिने स्वास्थ्य उपकरणहरु जुटाएर नागरिकले पाउने आधारभूत स्वास्थ्य सेवा दिन गाउँपालिकाको सिंगो टिम लागेर काम गरीरहेको छ । त्यस्तै किसानको समस्यासँग हामी सधैं संवेदनशिल छौं र किसानका समस्या समधानमा हामी लाग्ने छौं । |

ख) नागरिक अभिमत संकलनका क्रममा वडा तहमा पुग्दा नागरिकले राखेका प्रश्न तथा जिज्ञासा र त्यसको समधानको लागि जिम्मेवार वक्ताले दिएका जवाफ सँगै प्रतिवद्धता

| **प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना** | **सहभागीको प्रश्न/गुनासो/सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना** | **जवाफको छोटकारी व्यहोरा** |
|---|---|---|---|
| वडा नं १ बाट राखिएका प्रश्न तथा जिज्ञासा | १) पालिकाबाट भएका पुर्वधारका कामहरुमा कडा अनुगमन गरेर गुणस्तरमा बढी ध्यान दिनु पर्‍यो ।<br>२) कृषिको लागि छुट्याएको पैसामा कन्टजेन्सी रकम कट्टा नगरे हुन्थ्यो । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | गाउँपालिकाबाट मात्रै नभएर गाउँपालिका भित्र विभिन्न निकायहरुबाट भइरहेको पुर्वधारका कामहरुलाई अनुगमन गर्ने र गुणस्तरीयता कायम गर्न गाउँपालिका प्रतिवद्ध भएर लग्ने छ । त्यस्तै कृषकका लागि भनेर छुट्याइएको पैसामा कन्टजेन्सी रकम कटाउने विषयमा कानून अनुसार भएको हुँदा यसलाई तुरुन्तै हटाउन सक्ने अवस्था छैन् । यद्यपी यो विषयमा आगामी दिनमा छलफ गरेर निष्कर्षमा पुग्छौं । |

| | | | |
|---|---|---|---|
| वडा नं २ बाट राखिएका प्रश्न तथा जिज्ञासा | १) व्यवसाय प्रवर्द्धनमा सहयोग पुग्नेगरी व्यवसायीसँग समन्वय गर्नु पर्‍यो ।<br>२) सेवा प्रवाह लगायत विकास निर्माणमा कुनै कुनै बेला राजनीतिक रङहरु देखिन्छन्, त्यस्तो गर्नु भएन् । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | गाउँपालिका भित्र विभिन्न व्यवसाय गरेर बस्ने व्यवसायीहरुलाई सहयोग पुग्नेगरी कार्यक्रमहरु ल्याएका छौं र त्यस्ता कार्यक्रमहरुलाई निरन्तता दिने छौं । हामीले गर्ने काममा जुनकुनै बेला पनि हामीबाट राजीनिक रंग देखिने गरी काम भएका छैनन्, । यदि त्यस्तो भएको रहेछ भने पनि आगामी दिनमा सुधार गर्ने छौं । |
| वडा नं ३ बाट राखिएका प्रश्न तथा जिज्ञासा | १) पशुको लागि आवश्यक पर्ने औषधि भनेको समयमा पाइदैन ।<br>२) अपस्पाल र स्वास्थ्य चौकीहरुमा विरामीहरुलाई आवश्यक पर्ने औषधि भनेकै समयमा पाइदैन, त्यसलाई नियमित गराउने व्यवस्था मिलाउनु पर्‍यो । | ठुलोकान्छा तामाङ अध्यक्ष- सुनपति गाउँपालिका | व्यवसायिक रुपमा पशुवस्तु पाल्नेदेखि एकदुई ओटा मात्रै पशुवस्तु पालन गर्ने किसानका समस्यामा हामी गम्भिर छौ र उहाँहरुको समस्या समधानको लागि हामी लागेकै छौं । औषधि नपाइने कुराको विषयमा कुन औषधि नपाइएको हो, त्यस्ता औषधि उपलब्ध गराउने प्रतिवद्धता जाहेर गर्दछौं । त्यस्तै गाउँपालिकाको केन्द्र भएको ठाउँमा पालिका स्तरीय अस्पताल स्थापना भइ संचालनमा आएको कुरा सुनापति गाउँपालिकाबासीहरुलाई जानकारी नै छ । त्यस्तै सबै वडामा स्वास्थ्य चौकीहरु भएको पनि जानकारी नै छ र अहिले भनेको समयमा औषधि नपाइने कुरामा केही सत्यता होला, किन भने यहाँ सबै प्रकारका औषधि पाइदैन् । भविष्यमा त्यस्ता औषधिको सहज रुपमा पुर्ती गर्ने गरी काम गर्छौं । |
| *नागरिक अभिमतमा भाग लिने ४१ जना सेवाग्राही* | *सार्वजनिक सुनुवाईमा गाउँपालिका उपाध्यक्ष, वडा नं १, २, ३, ४ र ५ का वडाध्यक्षलाई कार्यक्रममा सहभागी भएका स्थानीयले प्रश्न राखेका थिएनन् । तर ५ ओटै वडाबाट नागरिक प्रतिवेदनमा सहभागी भएका ४१ जना सेवाग्राहीले दिएका सुझावहरुलाई आगामी दिनमा कार्यान्वयनमा ल्याउने प्रतिवद्धता जनाउँदै राम्रा र सुधार गर्नु पर्ने पक्ष सहितका सुझाव दिने सेवाग्राहीलाई धन्यवाद दिएका थिए ।* | | |

| **वडा नं १ देखि वडा नं ५ सम्म र गाउँपालिकाको कार्यालयमा भेटिएका स्थानीयहरुले राखेका राम्र पक्ष** |
|---|
| १, गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु वडा तहमै ल्याएर सेवा दिने काम धेरै राम्रो ।<br>२, जनप्रतिनिधिहरुले गर्ने कामहरु फोन गर्दा पनि हुने गरेको छ ।<br>३, सुशासन र पारादर्शीतालाई महत्वका साथ राखेर विभिन्न कार्यक्रमहरु आयोजना हुने गरेका छन् ।<br>४, सामाजिक सुरक्षा भत्ता वडाबाटै वितरण हुने गरेको छ ।<br>५, कर्मचारीहरु आफ्नो काममा इमान्दारीताका साथ लागेका छन् । |

*ग) कार्यक्रममा आमन्त्रण गरिएका अतिथिहरुले मन्त्यव्यको क्रममा राखेको संक्षिप्ता विवरण*

| **अतिथिको नाम थर** | **अतिथिले राख्नुभएको मन्तव्यको संक्षिप्त विवरण** |
|---|---|
| १, हिमाल ढुंगेल पुर्वाध्यक्ष- नेपाल पत्रकार महासंघ, रामेछाप | नेपाल पत्रकार महासंघ रामेछापका पुर्वाध्यक्ष हिमाल ढुंगेलले सुनापति गाउँपालिकाले गाउँपालिकालाई शुसासन युक्त पालिका बनाउन मद्दत पुग्ने गरी प्रत्येक ४/४ महिनामा सार्वजनिक सुनुवाई नियमित गर्दै अएको र यसले गाउँपालिका सुशासनमैत्री, नागरिक प्रति जवाफदेही, नागरिकमैत्री र जिम्मेवार छ भन्ने प्रष्ट पारेको धारणा राख्नुभएको थियो । उहाँले गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माणमा पारदर्शीता सँगै विकास निर्माणको गुणस्तरीयता विशेष ख्याल गर्न जोड दिँदै आम नागरिकको आवश्यकतालाई पहिचान गरी विकास निर्माण गर्न जनप्रतिनिधि र कर्मचारीलाई सुझाव दिनुभएको थियो । |

**९.आ.व. २०८१/०८२ को तेस्रो चौमासिकको सार्वजनिक सुनुवाइमा गरिएको प्रतिवद्धताको कार्यान्वयनको अवस्था र आ.व. २०८२/०८३ को पहिलो चौमासिकमा गरिएको सार्वजनिक प्रतिवद्धता ।**

(क) आर्थिक वर्ष २०८१/०८२ चौमासिक सार्वजनिक सुनुवाईमा गरिएको प्रतिवद्धताको कार्यान्वयनको अवस्था:

| सुनापति गाउँपालिकाको कार्यालयद्वारा चालु आ.व. २०८१/०२ को तेस्रो चौमासिकमा भए गरेका काम र सार्वजनिक सेवा प्रवाहको अवस्थाको विषयमा नागरिकहरुलाई जानकारी गराउँदै सुधारात्मक विषयहरुमा तपशिल बमोजिमका विषयहरुमा सुधार गर्ने प्रतिवद्धता जारी गरियो । | | |
|---|---|---|
| क्र.सं. | प्रतिवद्धता | कार्यान्वयनको अवस्था |
| १ | गाउँपालिकाबाट प्रवाह हुने सबै प्रकारको सेवाको बारेमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम गरी सु-सुचित गरिने । | आर्थिक वर्ष २०८१/०८२ को सामाजिक परीक्षण भएको र सार्वजनिक सुनुवाई कार्यक्रमलाई नियमित गरिएको । |
| २ | सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री र सर्वसुलभ बनाउने । | धेरै जसो सेवाहरु अनलाईन प्रणाली मार्फत दिन थालिएको जसको कारण सेवा लिने सेवाग्राहीलाई सहयोग पुगेको |
| ३ | आर्थिक वर्षको सुरुवात देखिनै योजना कार्यान्वयन र विकास बमोजिम खर्च गर्ने प्रयास गर्ने । | चालु आर्थिक वर्षको सुरुदेखि नै योजना कार्यान्वयन गराउने नीति लिइएको तर संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त कतिपय योजनाहरु अगाडि नबढाउनु भनी निर्देशन आएको, कतिपय बजेटनै कट्टा हुन सक्ने चेतावनी भएको हुँदा नीति तथा कार्यक्रमलाई सुरु गर्न समस्या आएको । |
| ४ | अन्तर निकाय समन्वय र सहकार्यमा जोड दिइने । | कार्यान्विनयमा जोड दिइएको र हाल नतिजा देखिनेगरी कम भइरहेको । |
| ५ | दीगो विकासलाई ध्यान दिने । | दीगो विकासलाई ध्यान दिइएको छ । जसको उदहारण सुनापति गाउँपालिका वडा नं १ को वडा कार्यालय आसपास सडक बनाउन पालिकाबाट छुट्याइएको रकमबाट हुने कमलाई पुन: त्यहाँ अर्को पैसा हाल्न नपर्ने गरी कम गरिएको । |

**(ख) चालु आर्थिक वर्ष २०८२/०८३ चौमासिकको सार्वजनिक सुनुवाइमा गरिएका प्रतिवद्धता**

सुनापति गाउँपालिकाको कार्यालयद्वारा चालु आ.व. २०८२/०३ को पहिलो चौमासिकमा भए गरेका काम र सार्वजनिक सेवा प्रवाहको अवस्थाको विषयमा नागरिकहरुलाई जानकारी गराउँदै सुधारात्मक विषयहरुमा तपशिल बमोजिमका विषयहरुमा सुधार गर्ने प्रतिवद्धता जारी गरियो ।

- सार्वजनिक सुनुवाइमा उठेका सडक तथा पुर्वधारका कुरालाई आगामी दिनमा सुधार गर्दै जाने ।
- सुनापति गाउँपालिकाका स्वास्थ्य संस्थामा भनेको समयमा आवश्यक औषधि नपाएको गुनासोलाई ध्यानमा राखेर गाउँपालिकाले पुर्ती गर्न मिल्ने औषधिलाई नियमित रुपमा उपलब्ध गराउन सबै लाग्ने ।
- गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई वडा तहबाट दिनको लागि वडा-वडामा एकीकृत घुम्ती शिविरहरु आयोजना गर्ने ।
- किसानले उठाएका विभिन्न समस्यालाई समधान गर्न गाउँपालिकाका अन्तरगतका पशु तथा कृषि शाखालाई थप सक्रिया बनाउने र अन्य निकायहरुसँग पनि समन्वय गर्ने ।

## १०.कार्यक्रमको सवल पक्षहरु

- पहिलो चौमासिक समाप्त हुन साथ उक्त चौमासिकको सार्वजनिक सुनुवाई भएको ।
- सुनापति गाउँपालिकामा कार्यक्षेत्र हुने सरकारी तथा गैरसकारी कार्यालयका प्रमुखहरुलाई समेत जवाफदेही वक्ताको रुपमा आमन्त्रण गरिएको ।
- गाउँपालिका भित्र संचालनमा रहेका आयोजना जिम्मा लिएर काम गर्ने निर्माण व्यवसायीहरुलाई पनि खबर गरिएको ।
- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी तथा सरोकारवालाका प्रतिनिधिहरुको सहभागीतामा कार्यक्रम संचालन गरिएको ।
- सुनापतिग गाउँपालिकाको पहिलो चौमासिकको अवधिमा र वार्षिक रुपमा भएका भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिइएको ।
- स्वतन्त्र संस्था तथा सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाईको सूचना सहित फेलेक्स बनाई गाउँपालिका आसपास क्षेत्र र गाउँपालिकाको सबै वडाको वडा कार्यालयमा टाँस गरिएको ।
- नागरिकहरुको सहभागीता बृद्धिको लागि गाउँपालिका, वडा कार्यालय र कार्यक्रमको सहजीकरण गर्ने मिडियाबाट संचालित पत्रिका तथा अनलाइनमा एक हप्ता अगाडिनै सूचना प्रकाशन गरिएको ।
- गाउँपालिका भित्र रहेका मावि तहका प्रधानाध्यापकलाइ जवाफदेहीको रुपमा निमान्त्रण गरिएको ।
- गाउँपालिका तथा सबै वडा कार्यालयमा सेवा लिन आउने ५० जना सेवाग्राहीको सन्तुष्टि तथा असन्तुष्टि फारम भरेर संयोजन गरी सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको ।
- सार्वजनिक सुनुवाइ कार्यक्रममा आउने सेवाग्राहीले पालिकाबाट पाउने विभिन्न सेवाबाट समेत लाभ लिन सकिने गरी एकीकृत घुम्ती शिविर संचालन गरिएको । जसको कारण सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीको संख्यामा समेत बृद्धि भएको थियो ।

## ११. सुधार गर्नुपर्ने पक्षहरु

- पालिका स्तरको सर्वाजनिक सुनुवाइमा गाउँपालिका भित्र कार्य गर्ने सरकारी तथा गैरसकारी कार्यालयलाई जवाफदेही वक्ताको रुपमा आमन्त्रण गरिएको भएपनि उनिहरुको सहभागिता न्यून रहेकाले आगामी दिनमा अनिवार्य उपस्थिति हुने वातावरण तयार गर्नु पर्ने ।
- गाउँपालिकाका जनप्रतिनिधि अर्थात गाउँ सभाका सबै सदस्यहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- पालिकाबाट तथा वडाबाट विनियोजन भएका योजना गउपभोक्ता समितिका पादधिकारीलाइ समेत सहभागी गराउँदा राम्रो हुने ।

- पालिकास्तरको राजनीतिक दलका प्रतिनिधिलाई पनि पाहुन तथा जवाफदेही वक्ताको रुपमा आमन्त्रण गर्दा राम्रो हुने ।

## १२. समस्याहरु

- छरिएर रहेका वडाबाट पालिकाको केन्द्र सम्ममा मानिसहरु सहभागी हुन नसेको ।
- जवाफदेहि वक्ताहरु नागरिकका समस्या सुन्न र उत्तर दिन तयारीका साथ बसेको भएपनि पर्याप्ता प्रश्नहरु नआउनु ।

## १३.निष्कर्ष

सुनापति गाउँपालिका र अन्य सेवा प्रदायक निकायको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । सुनापति गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले सडक निर्माण, पुर्वाधार विकासमा गुणस्तरीयता कायम गर्ने, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र विकास, किसानलाई भनेजति मल उपलब्ध गराउनु पर्ने, योजना सम्पन्न गराउन वडा तथा पालिकाका प्राविधिकहरुले सहज रुपमा सहजीकरण गर्नु पर्ने, गुणस्तरी स्वास्थ्य सेवा दिनु पर्ने लगायतका विभिन्न विषमा प्रश्न सँगै आगामी दिनमा विभिन्न विषयहरुलाई सुधार गर्न सुझाव दिएका थिए । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । कार्यविधिले ब्यवस्था गरे अनुरुप नियमित रुपमा सार्वजनिक भएको हुँदा यो कार्यलाई निरन्तरता दिनु पर्ने देखिन्छ । सुनापति गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहितको सक्रिय सहभागीताले पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । विभिन्न कार्यक्रमका साथ गाउँपालिकामा रहेको सरकारी तथा गैरसरकारी संघसंस्थाहरुका (सेवा प्रदायक) प्रतिनिधिलाई अनिवार्य रुपमा वडा तथा गाउँपालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक सुनुवाइलाई निरन्तर गर्ने हो भने सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

**पहिलो चौमासिकको सार्वजनिक सुनुवाइ सम्पन्न गर्न लागेको खर्चको विवरण :**

| क.सं. | विवरण | पहिलो चौमासिक | | | |
|---|---|---|---|---|---|
| | | दिन | संख्या | दर | जम्मा खर्च |
| १ | बहिर्गमन अभिमत संकलन तथा नतिजा तयारी | ५ | ३ जना | १५०० | २२,५०० |
| २ | बहिर्गमन अभिमत संकलन फर्म प्रिन्ट | | ५० सेट (प्रत्येक सेटमा ६ पेज) | १० | ५०० |
| ३ | ब्यानर, पम्प्लेट तथा पर्चा प्रकाशन | | ७ ओटा ब्यानार (सबै वडा कार्यालय र पालिकामा) | | ७,००० |
| ४ | कार्यक्रम सहजिकरण | १ | ३ | ५००० | १५,००० |
| ५ | सहभागीहरुलाइ खाजा तथा पानी | | १०० | २०० | २०००० |
| ६ | पाहुनाहरुलाई बिहानको खाना (पत्रकार समेत) | १ | २० जना | १५०० | ३०००० |
| ७ | सञ्चार | | | ० | १९०० |
| ८ | यातायात | | एक दिनलाई सुमो रिजर्भ | ० | ११६०० |
| ९ | प्रतिवेदन लेखन | | | ० | २००० |
| १० | विविध खर्च | | | | ४००० |
| ११ | जम्मा | | | | ११४,५०० |
| १२ | १३ प्रतिशत भ्याट | | | | १४८८५ |
| **१३** | **कुल जम्मा खर्च** | | | | **१२९,३८५** |

अनुसुची-१

## तस्विरमा सार्वजनिक सुनुवाई




सार्वजनिक सुनुवाईका जवाफदेही बक्ताहरु



सार्वजनिक सुनुवाइमा आउनुभएका सहभागी




सार्वजनिक सुनुवाईमा सहभागी भएका शाखाका प्रमुख लगायत जवाफदेहिबक्ताहरु




सहजीकरण गर्ने प्रहार मिडिया प्रा.लिको तर्फबाट कार्यक्रम सहजीकरण गर्दै




सार्वजनिक सुनुवाइमा सहभागीहरुले राखेका प्रश्नको उत्तर दिनुहुँदै गाउँपालिका अध्यक्ष ठुलोकान्छा तामाङ



सार्वजनिक सुनुवाईमा पालिकाबाट प्रवाह भएका सेवा तथा पहिलो चौमासिकसम्मको प्रगति विवरण प्रस्तुत गर्दै प्रमुख प्रशासकीय अधिकृत सुरेश कुमार श्रेष्ठ

# अनुसुची-२

## कार्यक्रममा सहभागीहरुको उपस्थिति

कार्यक्रमको नामः- सुनापति गाउँपालिका र गाउँपालिका भित्र रहेर सेवा प्रवाह गरिरहेका सेवा प्रदायक निकायद्वारा आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिकसम्ममा प्रवाह भएका सार्वजनिक सेवा तथा विकास निर्माणको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई ।

कार्यक्रमको उद्देश्यः- सुनापति गाउँपालिका र भित्र रहेर सेवा प्रवाह गरिरहेका सेवा प्रदायक निकायद्वारा आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिकसम्ममा भएर गरेका काम र सार्वजनिक सेवा प्रवाहको अवस्थाको विषयमा नागरिकहरुलाई जानकारी गराउँदै सुधारात्मक विषयहरुमा गाउँपालिका, वडा र विभिन्न सेवा प्रदायक निकायका जिम्मेवार अधिकारी र नागरिकहरू बीचमा हाकहाकी प्रश्नोत्तर गराउने ।

**कार्यक्रमको विवण**

मिति :- २०८२ साल पौष १७ गते बिहिवार

**स्थान** :- सुनापति गाउँपालिका ५ नं वडा कार्यालयको प्राङ्गण

**समय** :- दिउँसो १ बजेबाट

**आयोजक** :- सुनापति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, हिलेदेवी रामेछाप

**सहजिकरण** :- प्रहार मिडिया प्रा.लि. मन्थली, रामेछाप

**उपस्थिति विवरण**

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | ठुलोकान्छा तामाङ | सुनापति गा.पा. | अध्यक्ष | अध्यक्षता/प्रमुख प्रमुख वक्ता | [signature] |
| २ | गीता विष्ट | सुनापति गा.पा. | उपाध्यक्ष | वक्ता | [signature] |
| ३ | सुरेश कुमार श्रेष्ठ | सुनापति गा.पा. | प्रमुख प्रशासकीय अधिकृत | वक्ता | |
| ४ | पदम बहादुर थापा | सुनापति- २ वडा कार्यालय | वडाध्यक्ष/गाउँपालिका प्रवक्ता | वक्ता | |
| ५ | धुब प्रसाद चौलागाई | सुनापति- १ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | |
| ६ | कुल बहादु थिङ | सुनापति- ३ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | [signature] |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ७ | इन्डुप लामा | सुनापति-४ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | [signature] |
| ८ | चित्र बहादुर मानन्धर | सुनापति- ५ वडा कार्यालय | वडाध्यक्ष | वक्ता | [signature] |
| ९ | माधव प्रधान | सुनापति गाउँपालिका शिक्षा शाखा | शाखा प्रमुख | ,, | [signature] |
| १० | इन्द्र नो. दहाल | कृषि विकास कार्यालय, रामेछाप | बाली संरक्षण अधिकृत | | [signature] |
| ११ | राजेश्वर बोहोरा | सुनापति ५ नं. वडा सदस्य | ५ नं. वडा सदस्य | ,, | [signature] |
| १२ | चन्द्र बहादुर तितुङ | वडा नम्बर १ | वडा सदस्य | | [signature] |
| १३ | रामहरि जर्गा | सुनापति-५ | वडा सदस्य | ,, | [signature] |
| १४ | कमल बस्नेत | सुनापति गा.पा. | शिक्षा शाखा प्रमुख | ,, | [signature] |
| १५ | राजुमान घीसिङ | सुनापति गा.पा. | पशु सेवा शाखा प्रमुख | ,, | [signature] |
| १६ | रविन्द्र कुर्केल | सु.गा.पा. | प्रशासन सहायक | कर्मचारी | [signature] |
| १७ | सागर तामाङ | ,, | ह.स.चा. | ,, | [signature] |
| १८ | केशव चौलागाईं | सुनापति गा.पा.१ | ना.प.से.प्र. | ,, | [signature] |
| १९ | विपना बस्नेत | सुनापति गा.पा. -०४ बेथान | प.से.प्रा | ,, | [signature] |
| २० | देवकी कोजु | सुनापति-२ | नी.प्रा.स | ,, | [signature] |
| २१ | समिक्षा गौतम | ,, -१ | कृषि प्राविधिक | ,, | [signature] |
| २२ | रजिना थापा | ,, -5 | ,, | ,, | [signature] |

| क.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| २३ | भुपेन्द्र प्रसाद यादव | गा.पा. | सब-ई. | | [signature] |
| २४ | मीरा मगर | ,, | रो.प. | | Meera |
| २५ | रवीता माया मानन्धर | ,, | वि.स्वा.वि. | | [signature] |
| २६ | कर्ण बहादुर विश्वकर्मा | ,, | रोजगार संयोजक | जवाफदेही कक्ष | [signature] |
| २७ | श्रीकाम कुइँकेल | ,, | MIS operator | ,, | [signature] |
| २८ | कुमार श्रेष्ठ | प्रा ह्याट मिडीया | सम्पादक | अतिथि | [signature] |
| २९ | तेज तामाङ | नेपाल कम्युनिष्ट पार्टी | अ. नेपाल स्वेन चाडा वर्ग अध्यक्ष | ,, | [signature] |
| ३० | सन्तोष ढुंगेल | कान्तिपुर दैनिक | संवाददाता | ,, | [signature] |
| ३१ | विनोद चौलागाईं | सुनापति | कृषि.प्र. अधि. | | [signature] |
| ३२ | आयुस्मा स्याङ्तान | सुनापति ५ | | जवाफदेही कक्ष | [signature] |
| ३३ | सुकमाया मानन्धर | ,, | | सुन्ने कक्ष | [signature] |
| ३४ | दिल माया मानन्धर | ,, | | ,, | दीलमाया |
| ३५ | तारा श्रेष्ठ | ,, | | ,, | तारा |
| ३६ | सानो प्रेम बहादुर लामा | ,, | | ,, | [signature] |
| ३७ | पद्म प्रसाद ठेंगाना | ,, | | ,, | [signature] |
| ३८ | सन्तोष पौडेल | हिमालीनिर्माण समाज | Project officer | ,, | [signature] |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ३९ | दिलीप प्रसाद देवकोटा | सहास नेपाल | ARO | जवाफदेही वक्ता | [signature] |
| ४० | लाल बहादुर श्रेष्ठ | सुनापति - ५ | | " | [signature] |
| ४१ | कृष्ण प्रसाद ढुंगाना | " | | " | [signature] |
| ४२ | पातली माया मानन्धर | " | | " | [signature] |
| ४३ | डिल कुमारी श्रेष्ठ | " | | " | [signature] |
| ४४ | मङ्गली श्रेष्ठ | " | | " | [signature] |
| ४५ | राम कृष्ण भुजेल | ~~soil test~~ Rcip-AF | social Mobilizer | " | [signature] |
| ४६ | पुष्कर लाल कर्ण | Rcip-AF | Site engineer | " | [signature] |
| ४७ | मुंगा लाल यादव | RCip | ARG | " | [signature] |
| ४८ | कुमार पुडासैनी (ई.) | " | Engineer | " | [signature] |
| ४९ | सन्त माया श्रेष्ठ | सुनापति - ५ | | " | सनत |
| ५० | पूर्ण सिं लामा | " | | | P. S. Lama |
| ५१ | वाङ्देल लामा | " | | " | [signature] |
| ५२ | स्याम लाल श्रेष्ठ | " | | " | [signature] |
| ५३ | आमरतन साह | स्वास्थ्य विकास कार्यालय रमेछाप | इन्जिनियर | " | [signature] |
| ५४ | धनबहादुर रोका | सुनापति ५ | | " | [signature] |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था / ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ५५ | उदेयं मुहथान | स्कुनपती | ५ | " | उउगी |
| ५६ | दान बहादुर थापा | " | | " | दानबहादुर |
| ५७ | गाड्ल सिंह तामाङ | " | | " | गाङ्म |
| ५८ | पासाङ तामाङ | " | | " | पासाङ |
| ५९ | हस्त बहादुर लामा | " " | | " | हस्त |
| ६० | लाल बहादुर खत्री | " | | " | [signature] |
| ६१ | विल्या माया मानन्धर | " | | " | विल्या |
| ६२ | कुल्चा माया मानन्धर | " | | " | [signature] |
| ६३ | धन माया मानन्धर | " | | " | धन माया |
| ६४ | कमली मानन्धर | " | | " | Kamali |
| ६५ | मुन कुमार मानन्धर | " | | " | मुन |
| ६६ | देविल्च मानन्धर | " | | " | देविल्च |
| ६७ | नानी माया मानन्धर | " | | " | नानी |
| ६८ | कुकु माया मानन्धर | " | | " | कुकु |
| ६९ | भगवती मानन्धर | " | | " | भगवती |
| ७० | भरत कार्की | | | | [signature] |

| क्र.सं. | सहभागीको नाम | आवद्धता संस्था/ठेगाना | पद | आतिथ्यता | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ७१ | ओमा मानन्धर | पुनर्वास-२ | | ५ | ओमा |
| ७२ | गंगा माया मानन्धर | " | | " | गंगा माय |
| ७३ | पता माया मानन्धर | " | | " | पता माया |
| ७४ | शुशीलालामा | " | | ५ | [illegible] |
| ७५ | दुर्गा माया तामाङ | " | | " | दुर्गा |
| ७६ | रामचन्द्र त्रिपाठी | प्रहार फिल्ड | सहजकर्ता | - | [illegible] |

अनुसुची-३

प्रमुख प्रशासकीय अधिकृत सुरेश कुमार श्रेष्ठले प्रस्तुत गरेको

आ.व. २०८२/०८३ को पहिलो चौमासिक प्रगति विवरण

## सुनापति गाउँपालिका

# गाउँ कार्यपालिका कार्यालय

## हिलेदेवी, रामेछाप

## आ.व. २०८२/०८३ को प्रथम चौमासिक प्रतिवेदन

**पृष्ठभुमीः** सुनापति गाउँपालिका अन्तरगत रहेको वडाहरु, विभिन्न शाखा,उपशाखा तथा सेवा केन्द्र तथा सेवा ईकाइहरु जस्तै कृषि विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास, शिक्षा, स्वास्थ्य, लैगिंकसमानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा आ.व. २०८२/०८३को प्रथम चौमासिक भित्र भएगरिएको कृयाकलाप, कार्यक्रम र बजेट खर्चका विवरणहरु सार्वजनिक गर्ने प्रयोजनार्थ यो प्रतिवेदन तयार गरिएकोछ।

### वडा कार्यालयहरुबाट सम्पादन भएका गतिविधिहरुः

- ✓ सबै वडाहरुबाट आवश्यकता अनुसार सिफारिस, जन्म, विवाह, वसाईसराई, मृत्यू लगायतको व्यक्तिगत घटनाहरुको दर्ता कार्यहरु भईरहेको,
- ✓ नियमित रुपमा वडा समितिको बैठक संचालन गरिएकोछ।
- ✓ वडाबाट हुने राजश्व संकलन कार्य नियमित रुपमा भईरहेको छ।

**वडागत रुपमा भएको प्रगित विवरण निम्नानुसार**

| वडा न. | प्रथम चौमासिक राजश्व | जन्मदर्ता | मृत्यू दर्ता | विवाह दर्ता | सम्बन्ध विच्छेद | वसाईसराई घरधुररी | सिफारिस | वडा समितिको बैठक |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३,३४,३४८ | ५२ | १७ | २५ | १ | ४ | ५०९ | १२ |
| २ | ३,३९,६३६ | ४९ | १६ | ३२ | १ | ५ | ३२७ | १२ |
| ३ | १,८५,२५३ | ५६ | १३ | १४ | ३ | १ | २१५ | १२ |
| ४ | २,१०,५८१ | ९० | ४२ | ३४ | १ | २ | ५१६ | १२ |
| ५ | २,३५,१८९ | २३ | २३ | ६ | १ | ४ | ४७५ | १२ |
| **जम्मा** | **१३,०५,००७** | **२७०** | **१११** | **१११** | **७** | **१६** | **२०४२** | **६०** |

वसाई सराई दर्ता भएका सबै बसाई सरी जानेको संख्या हो ।

## शिक्षा युवा तथा खेलकुद शाखा अन्तरगत भएको प्रगतिः

- शैक्षिक सत्र २०८२ को प्रथम त्रैमासिक परीक्षाको नतिजा विश्लेषण
- राष्ट्रिय किताबखाना (शिक्षक) बाट यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका स्थायी शिक्षकहरूको तलवी प्रतिवेदन स्वीकृत
- शैक्षिक सत्र २०८१ को स्थायी शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन कार्य सम्पन्न
- करार शिक्षक कर्मचारीको सम्पत्ति विवरण संकलन तथा अभिलेखन
- आ.व. २०८१।८२ को प्रगति विवरण शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको अनलाइन फाराममा विवरण अद्यावधिक गरिएको
- IEMIS सम्बन्धी विवरण अद्यावधिक
- लेखापरीक्षण कार्यमा सहजीकरण
- शिक्षक तथा विद्यार्थी सम्मान कार्यक्रम सम्पन्न
- आ.व.२०८२।८३ को प्रथम त्रैमासिक शिक्षक तलव भत्ता निकासा (२८.३२% खर्च भएको
- आ.व. २०८२।८३ को राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र चौथो अध्यक्ष कप प्रतियोगिता सम्पन्न (विनियोजन रकम भन्दा बढी खर्च पेश भएको)
- वडा न. २,३ र ४ अन्तर्गतका विद्यालयको अनुगमन निरीक्षण
- दैनिक प्रशासनिक कार्य सम्पादन

## स्वास्थ्य शाखा अन्तरगत भएको प्रगतिः

१. स्तनपान सप्ताह सम्पन्न भएको छ ।
२. स्वास्थ्यका सम्पादित कार्यक्रमहरुको वार्षिक समिक्षा गोष्ठी सम्पन्न भएकोछ।
३. क्षयरोग बार्षिक समिक्षा गोष्ठी सम्पन्न भएकोछ।
४. PNC home visit कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न भएकोछ।
५. दिर्घरोगीहरुलाई प्रथम त्रैमासिक मासिक भत्ता भुक्तानी भएकोछ।
६. भिटामिन ए तथा जुकाको औषधि आम वितरण कार्यक्रम सम्पन्न भएकोछ।
७. महामारीको अवस्थामा औषधि खरिद भएकोछ।
८. आयुर्वेदिक स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न भएकोछ।

## कृषि विकास शाखा अन्तरगत भएको प्रगतिः

१. २०० जना किसानहरुमा प्राविधिक सेवा प्रदान गरिएकोछ ।
२. कृषि फार्म, कृषि व्यावसाय तथा बगैचाहरुमा अनुगमन गरि किसानहरुलाई सल्लाह सुझाव प्रदान गर्ने कार्या २० पटक भएकोछ।
३. अनुदानमा ७ थरिका तरकारीहरु (वोडी, सिमी, भिण्डी, भण्टा, भेडेखुर्सानी, करेला र काक्रो) वितरण भएको छ १७ जना कृषकहरु लाभान्वित भएकोछ।
४. कृषि प्रयोगशाला कार्य अन्तरगत ९ वटा माटो परिक्षण कार्य भएकोछ ।
५. व्यवसायिक तरकारी खेती विस्तार कार्यक्रम अन्तरगत प्रस्तावना संकलन, फिल्ड भेरिफिकेशन र प्रस्तावना छनौट कार्य सम्पन्न भएकोछ।

६. मसला खेती विस्तार कार्यक्रम अन्तरगत प्रस्तावना संकलन, फिल्ड भेरिफिकेशन र प्रस्तावना छनौट कार्य सम्पन्न भएकोछ।
७. रैथाने बाली प्रवद्धन कार्यक्रम अन्तरगत प्रस्तावना संकलन, फिल्ड भेरिफिकेशन र प्रस्तावना छनौट कार्य सम्पन्न भएकोछ।
८. साझेदारीमा कृषि, साना उघोग सस जुस जडिबुटी तेल उघोग स्थापना तथा संचालन अन्तरगत प्रस्तावना संकलन,फिल्ड भेरिफेकशन र छनौट भएको छ।
९. बाझो जमिन खेती तथा भुमि बैंक स्थापना तथा संचालन अन्तरगत प्रस्तावना संकलन,फिल्ड भेरिफेकशन र छनौट भएको छ।
१०. एक घर एक बगैंचा कार्यक्रम प्रस्तावना संकलनको कार्य भएकोछ।
११. रासायनिक मल ढुवानी अनुदान कार्यक्रम अन्तरगत प्रस्तावना संकलन भएकोछ।
१२. मध्य पहाडी मकै बाली प्रवद्धन कार्यक्रम प्रस्तावना संकलन,फिल्ड भेरिफिकेशन र छनौट भएकोछ।
१३. पकेट विकास कार्यक्रम निरन्तरता प्रस्तावना संकलन,फिल्ड भेरिफेकशन र छनौट भएकोछ।
१४. आ.व. २०८१/०८२ मा स्थापना भएका पकेट विकास कार्यक्रम निरन्तरताको लागि प्रस्तावना फिल्ड भेरिफिकेशन र छनौट कार्य भएकोछ।

## महिला, वालवालिका तथा जेष्ठनागरिक शाखा अन्तरगत भएको प्रगतिः

- ✓ तीज विशेष कार्यक्रम व्यवस्थापन अन्तर्गत ५ वटै वडा समेटि पालिका स्तरीय लोक गीत प्रतियोगिता कार्यक्रम सम्पन्न।
- ✓ लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत वडा स्तरीय बक्तृत्वकला प्रतियोगिता कार्यक्रम सम्पन्न भएकोछ।
- ✓ यस आ.व. को पहिलो चौमासिक भित्र कुल ३३ जना जेष्ठनागरिकहरुलाई परिचय पत्र वितरण गरिएकोछ।
- ✓ अस्थायी बाल संरक्षण केन्द्र स्थापना र वाल कोष संचालन कार्यका लागी छट्टाछुट्टै कार्यविधि निर्माणको प्रकृया थालनी गरिएकोछ।

## न्यायीक तथा मेलमिलाप तर्फ भएको कार्यकहरुः

सुनापति न्यायीक समितिमा आएको ६ वटा उजुरीहरु मध्ये ५ वटा फछ्यौंट भएको र १ वटा छलफलको क्रममा रहेकोछ ।

## सूचना प्रविधि शाखाबाट सम्पादित कार्यहरू

- ✓ सार्वजनिक सुनुवाई सम्बन्धी सम्पूर्ण प्रशासनिक कार्य तथा प्रतिवेदन तयारी कार्य भएकोछ।
- ✓ वार्षिक प्रगति प्रतिवेदन कम्पाइलेसन तथा प्रकाशन सम्बन्धी कार्य भएकोछ।
- ✓ आ व २०८२/८३ को बजेट तथा योजना कार्यक्रम रातो किताब सम्बन्धी सबै कार्यहरू भएकाछन्
- ✓ वडा कार्यालय अन्तर्गतका सोलार सडक बत्ति मर्मत तथा व्यवस्थापन सम्बन्धी कार्य भएकोछ।
- ✓ वार्षिक स्वतः प्रकाशन तयारी तथा प्रकाशन सम्बन्धी कार्य भएकोछ ।
- ✓ भूमिहिन, सुकुम्बासी, दलित सुकुम्बासी अव्यवस्थित बसोवासीहरूको फारम अनलाइन इन्ट्री भएकोछ।

- ✓ बेरूजु फछ्यौंट अनलाइन अपलोड सम्बन्धी कार्य भईरहेकोछ ।
- ✓ इमेल इन्टरनेट सम्बन्धी कार्यहरू आवश्यकताअनुसार भईरहेकाछन्।

## उद्यम विकास शाखाबाट सम्पादित कार्यहरू

- ➢ आ.व. २०८१।०८२ को वार्षिक कार्य सम्पन्न प्रगति प्रतिवेदन तयार गरी उद्योग मन्त्रालयमा पठाउने कार्य सम्पन्न ।
- ➢ आ.व. २०८१।०८२ को गृहिणी महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत सञ्चालन गरिएका सीप मुलक तालिमहरुको वार्षिक कार्य सम्पन्न प्रगति प्रतिवेदन तयार गरी सामाजिक विकास कार्यालयमा बुझाउने कार्य सम्पन्न ।
- ➢ आ.व. २०८१/०८२ मा गठन गरि सीप विकास तालिम पश्चात दर्ता गरिएका समूहलाई उपलब्ध गराइएको विउँपूजी रकमको अनुगमन तथा वैठक सञ्चालन कार्य सम्पन्न ।
- ➢ आ.व. २०८२।०८३ को वार्षिक कार्ययोजना तयार गरी स्वीकृत कार्य सम्पन्न ।
- ➢ सुनापति गाउपालिका र सामुदायिक विकास समाजको संयुक्त साझेदारीमा सञ्चलन गरिएको वडा नं १ ढोडेनीमा ७२ दिने गलैंचा बुनाई सम्बन्धी सीप विकास तालिम र ५ दिने व्यवसाय सचेतता तालिम २०८२।०४।२८ गते कार्यक्रम सञ्चालन तथा समापनमा सहजीकरण ।
- ➢ लघु वित्तमा आवद्ध भई उद्यम व्यवसाय गर्न चाहाने वडा नं ४ भ्वाँसा र वडा नं ५ खनियापानीका ४ वटा समूहहरुलाई सुन्तला र कागतीका विरुवा वितरण कार्यक्रममा सहजीकरण ।
- ➢ आ.व. २०८१/०८२ को उद्यम विकास शाखा अन्तर्गतका असुल उपर गर्नु पर्ने बेरुजु रकम समूहबाट संकलन गरी दाखिला गर्ने कार्य सम्पन्न ।

## पशु सेवा शाखा र अन्तर्गतका सेवा केन्द्रहरु बाट प्रदान गरिएका सेवाको विवरण

| क्र सं | कार्य बिबरण | गाई/भैंसी | बाखा | बंगुर | कुखुरा | कुकुर |
|---|---|---|---|---|---|---|
| १ | औषधी वितरण तथा उपचार सेवा | ९४२ | ५४२३ | २५६ | ८२५५ | ७७ |
| २ | कृत्रिम गर्भधारण सेवा | | २३ | | | |
| ४ | खोरेत रोग बिरुद्ध खोप | १४०० | | | | |
| ५ | रेविज रोग बिरुद्ध खोप | | | | | १२५ |

**कार्यक्रम तर्फः**

- ✓ पशु स्वास्थ्य औषधी खरिद औषधी खरिद गरि सबै वडामा रहेको पशु सेवा केन्द्रहरु बाट औषधी वितरण तथा उपचार सेवा नियमित रुपमा भैरहेको छ।
- ✓ उत्पादनमा आधारित पशुपालन प्रवर्द्धन कार्यक्रम अन्तरगत दुध र अण्डाको लागि साझेदार छनौट गरि कार्यक्रम भईरहेकोछ।

- ✓ बाख्रापालन, बंगुर गाई भैसी पालन प्रवर्द्धन कार्यक्रमको लागि छुट्टाछुट्टै साझेदार छनौट गरि काम भईरहेको छ।
- ✓ पशु बस्तुहरुमा कृत्रिम गर्भधारण सेवा निरन्तर रुपमा संचालन भईरहेकोछ ।

## प्रशासन शाखाबाट सम्पादन गरिएको कार्य प्रगति विवरणः

- ✓ कार्यपालिका बैठक व्यवस्थापन ९ वटा
- ✓ कर्मचारी बैठक व्यवस्थापन र संचालन ३ वटा
- ✓ पहिलव त्रैमासिक समिक्षा बैठक सम्पन्न
- ✓ सामाजिक परीक्षण भएर प्रतिवेदनको तयारी भईरहेको ।
- ✓ रिक्त पदहरुमा करार कर्मचारी पदपुर्ति गरिएको छ । जस्मा जनस्वास्थ्य अधिकृत सातौं १ जना, नेत्र सहायक पाँचौ १ जना र एम.आई.एस. अपरेटर पाँचौ १ जना गरि ३ जना रहेकोछन।
- ✓ सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गरी सम्झौता नवीकरण गरिएको जसमा जम्मा ६० जना कर्मचारीहरुको करार नवीकरण र १ जना (नागरिक आरोग्य केन्द्रमा कविराज पदमा नयाँ सम्झौता गरिएको छ।
- ✓ स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फाराम संकलन, दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गरिएको र पुनरावलोकन कर्ताको मूल्याङ्न पश्चात् मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडामा पेश गरीएको
- ✓ कर्मचारीहरुको व्यक्तिगत फाईल तयार गरि प्रदेश किताबखाना वागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय हेटौंडा पठाईएको ।
- ✓ सुनापति आधारभुत अस्पताल र सुनापति महादेब मुर्तिको उद्घाटन सम्पन्न भएकोछ ।

## राजश्व शाखाबाट सम्पादन गरिएको कार्य प्रगति विवरणः

- राजश्व संकलन कार्य
- पहिलो चरणको बजार अनुगमन कार्य सम्पन्न भएको
- नयाँ व्यवसायहरु दर्ता १३ वटा भएको ।
- व्यवसायहरु १२ वटा (घ वर्गको ३ वटा), कृषक समूह नवीकरण १५ वटा नविकरण भएको ।
- ४५ वटा व्यवसायहरुको इजाजत प्रदान गरिएको र २ वटा को ईजाजत नविकरण समेत गरिएकोछ
- हाल सम्म वार्षिक लक्ष्यको ३८.३९ प्रतिशत (१९,१९,०३२) राजश्व संकलन भएकोछ यो रकम वडाबाट संकलन भएको राजश्व समेतको विवरण हो।

## रोजगार सेवा केन्द्र र सामी रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगतः

- ✓ आ.व.२०८२/०८३ को लागि सूचीकृत वेरोजगारहरुको प्राथमिकिकरण सहितको सूची सम्बन्धीत वडा कार्यालयहरु पठाईएको।

- ✓ सबै वडहरुबाट रोजगार आयोजना संकलन भई केही वडाहरुमा सर्भे र लागत अनुमान तयारीको काम भईरहेको।
- ✓ रोजगारीको शिलशिलमा युएई गएको वडा न १ को पेमा लामाको शव नेपाल झिकाई आफन्तलाई बुझाईएको ।पेमा लामाको मृत्यू दावी भुकतानी अन्तरगत विमावाट १४ लाख, वैदेशिक रोजगार वोर्डबाट १० लाख र सामाजिक सुरक्षा कोषबाट २६ साथै विदेशस्थित रोजगार दाता कम्पनीबाट बाँकी तलब रकम रु २४ हजार दिलाउन सफल भएकोछ ।
- ✓ रोजगारीकै शिलशिलामा साउदी अरेविया गएको वडा न. ४ को राजेश खत्रीको शव नेपाल झिकाई आफन्तलाई जिम्मा लगाउनुका साथै घर सम्म निशुल्क शव ढुवानीको व्यवस्था मिलाईएको, राजेश खत्रीको मृत्यू दावी भुक्तानी अन्तरगत विमाबाट १४ लाख प्रापभ भईसको छ भने बैदेशिक रोजगार वोर्डबाट प्राप्त हुने रकमहरु भुक्तानीको प्रकृयामा रहेकोछ ।
- ✓ बैदेशिक रोजगारीमा रहेका सन्ततीका परिवारहरु वडा न ३ को १ जना, वडा न ४ को १ जना र वडा न. ५ को २ जना (४ जना क्यानसर पिडित) को उपचारका सहायतको लागि प्रकृयागत सहजीकरण जारी रहेको ।
- ✓ कामदार आफै अंगभंग तथा विरामीको उपचारका लागि २ जनाको सहजीकरण भएको ।
- ✓ गत वर्षको यस वर्ष पहिचान भएका सबै केशका लाभग्राहीहरुलाई व्यक्तिगत रुपमा मनोपरामर्श भईरहेको छ।
- ✓ वित्तिय साक्षरता कक्षामा पनि मनोपरामर्श सम्बन्धी छलफल निरन्तर रुपमा भईरहेकोछ ।
- ✓ १ दिने वित्तीय साक्षरता कार्यक्रम ३ वटा समुहमा संचालन सम्पन्न भएकोछ ।
- ✓ ३ दिने वित्तीय साक्षरता कार्यक्रम १ वटा समुहमा संचालन सम्पन्न भएकोछ ।
- ✓ २१ हप्ते वित्तीय साक्षरता कार्यक्रम २ वटा समुहमा नियमित संचालन भैईरहेको ।
- ✓ २ जना रिटर्नी स्वयंसेवक मार्फत सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्शको कार्य भईरहेकोछ ।

## आन्तरिक लेखा परिक्षण शाखाबाट सम्पादित कार्यहरु

- ❖ आ.व. ८१/८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदनमा कायम भएका बेरुजु फछ्यौट गरिएको।
- ❖ प्रथम चौमासिक आ.ले.प. प्रतिवेदन पेस गरि बेरुजू फछ्यौट गर्न सिफारिस गरिएको।
- ❖ आगामी आर्थिक वर्षको लागि आय व्यय प्रक्षेपण गरि सम्बन्धित कार्यलयमा पेश गरिएको ।
- ❖ आन्तरिक लेखा परिक्षण तथा नियन्त्रण मार्फत वित्तीय सुशासन तथा जवाफदेहिता कायम गरि आर्थिक प्रशासन सञ्चालनमा सहयोग गरेको।

## योजना तथा पुर्वाधार शाखाप्रगति विवरणः

१. पिप्लेखान्जा काठेपिपल खोपपाखा लोफ्राङ सडक स्तरोन्नतीको सम्झौता भई कार्यान्वयन भईरहेको छ

२. साङ्जाखोला बाल मा.वि. चोसा पालिका जाने सडक स्तरोनन्तीको सम्झौता भई कार्यान्वयन भईरहेकोछ

३. मानव स्वास्थ्य औषधी खरिदको प्रकृया सम्झौताको चरणमा रहेकोछ

४. पिप्लेखान्जा काठेपिपल खोपपाखा दोस्रो खण्डको ठेक्का आह्वान भएको छ

५. दिमिपोखरी स्वास्थ्य चौकी निर्माण तथा सवलीकरणको ठेक्का आह्वान भई मुल्यांकनको चरणमा रहेकोछ

६. मध्यपहाडी लोकमार्ग डहु मा.वि. वडा कार्यालय सडक तथा डुमटार पुरनटार घारगोठ जोरधारा सडक निर्माण तथा स्तरोन्नती  कार्यको ठेक्का आह्वान भएकोछ।

७. आ.व. २०८२/०८३ मा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरु वडा न. १ को १० वटा, वडा न. २ को ९ वटा, वडा न. ४ को १३ वटा र वडा न ५ को १३ वटा योजनाहरु सम्झता भएर कार्यान्वयन भईरहेकाछन् ।

८. सरकारी भवनहरुको मर्मत सम्भारका कार्यहरु ८ वटा उपभोक्ता समितिहरुबाट कार्यान्वयन भईरहेकोछ ।

९. वाढीपहिरोको संभावित जोखिम स्थानहरुको पहिचान गरि ५५ स्थानहरुमा क्षतिन्यूनीकरणका लागि रोकथाम र नाला व्यवस्थापनका कार्य भएकाछन्।

१०. मागका आधारमा जग्गा नाप जाँच लगायतको कार्यमा नियमित रुपमा नापी सर्भेक्षक वरिचालन गरिएको छ र जग्गा सम्बन्धी काममा सहजीकरण भईरहेकोछ ।

## विपद् व्यवस्थापन तर्फ प्रगतिः

- स्थानीय विपद व्यवस्थापन समितिको बैठक ३ पटक सम्पन्न ।
- वडा न ३ को साउने, केउरानी र च्याम्दुङ लगायतको क्षेत्रका मनसुन जन्य विपद प्रभावित स्थलमा जिल्ला प्रशासन कार्यालय, पत्रकार, जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकाय तथा विपद व्यवस्थापन समितिका पदाधिकारीहरुले स्थलगत अनुगमन सम्पन्न।
- गत वर्षको विपद प्रभावितहरुको अस्थायी आवासको लागि अनुदान रकम ३७ जना लाभग्राहीको खातामा प्रति घरपरिवार ५० हजारका दरले भुक्तानी भएकोछ।
- वडा न ३ को साउने, केउरानी र च्याम्दुङ लगायतको मनसुन जन्य विपद प्रभावितको प्रारम्भिक तथ्याङ्क संकलन गरि विपद पोर्टलमा प्रविष्टी भएकोछ।
- वडा न ३ का साउने, केउरानी र च्याम्दुङ का विपद प्रभावित ६५ घर परिवारहरुको अस्थायी आवास निर्माणको सम्झौता गरि पहिलो किस्ता अनुदान माग गरिएको।
- सोही क्षेत्रका प्रभावितहरुको वस्ती स्थानान्तरणक  लागि रा.वि.जो.व्य.प्रा. मा अनुरोध गरिएको।
- नेपाल रेडक्रस सोसाईटी रामेछाप शाखाबा विपद प्रभावित ३५ घरपरिवारलाई राहत स्वरुप गैर खाद्य सामग्रीहरु (कम्बल, म्याट, डोरी, त्रिपाल आदी) वितरण गरिएको।
- वडा न ३ को साउने, केउरानी र च्याम्दुङको वस्ती स्थानान्तरण प्रकृया अगाडी बढाईएको छ।
- वडा न ३ को साउने, केउरानी र च्याम्दुङको १५ घरपरिवारलाई अस्थायी टेण्ट उपलब्ध गराई बसोवासको व्यवस्था गरिएको छ ।

## लेखा शाखाको प्रगति विवरणः

पहिलो चौमासिक विनियोजित र वास्तविक आम्दानी विवरणः

| शिर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी % |
|---|---|---|---|
| **संघीय सरकार** | ३३,९४,००,००० | १६,२६,४०,००० | ४७.९२ |
| **प्रदेश सरकार** | ७,०९,९७,००० | १,८९,४८,५०० | २६.६९ |
| **राजस्व बाडफाड** | १०,१२,९२,३९२ | ३,४८,३९,०८२.४३ | १३.९ |
| **अन्तरिक श्रोत** | १०,३३,०३,००० | ३,१६,३४,५८१ | ३०.६२ |
| ***जम्मा*** | ६१,४९,९२,३९२ | २४,८०,६२,१६३.६३ | ४०.३३ |

## आ.व. २०८२/०८३ को पहिलो चौमासिक सम्मको खर्च विवरणः

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|
| चालु | ३८,८०,१०,३९२ | ८,५१,४६,०३६.०८ | २१.९४ |
| पुंजीगत | २२,६९,८२,००० | ८९,३३,६४८ | ३.९४ |
| जम्मा | ६१,४९,९२,३९२ | ९,४०,७९,६८४.०८ | १५.२९ |

## अनुसुची-४

## नागरिक अभिमत (सन्तुष्टि वा असन्तुष्टि) को नतिजा

**नागिरक प्रतिवेदनमा सहभागी भएकाहरुको जातिगत अवस्था**

| जम्मा | ब्राम्हण क्षेत्री | आदीबासी | दलित | अल्पसंख्यक | लोपउन्मुख |
|---|---|---|---|---|---|
| अंकमा | १३ | २८ | ० | ० | ० |
| प्रतिशतमा | ३२ | ६८ | ० | | |

**सेवाग्राहीको शिक्षा**

| जम्मा | निरक्षर | सामान्य साक्षरता | प्रावि | आधारभूत | मावि | स्नातक | स्नाक्तोर | अन्य प्राविधिक शिक्षा |
|---|---|---|---|---|---|---|---|---|
| अंकमा | १० | १२ | ० | ६ | १० | ३ | ० | ० |
| प्रतिशतमा | २४ | २९ | ० | १५ | २४ | ७ | ० | ० |

**सेवाग्राहीको लिङ्ग**

| जम्मा | महिला | पुरुष |
|---|---|---|
| अंकमा | ३ | ३८ |
| प्रतिशतमा | ७ | ९३ |

**उमेर**

| जम्मा | १६ भन्दा कम | १६-३२ | ३२-६० | ६० भन्दा माथि |
|---|---|---|---|---|
| अंकमा | ० | ४ | ३० | ७ |
| प्रतिशतमा | ० | १० | ७३ | १७ |

**पेशा**

| जम्मा | कृषि | शिक्षक | अन्य |
|---|---|---|---|
| अंकमा | ३६ | २ | ३ |
| प्रतिशतमा | ८८ | ५ | ७ |

**१ तपाईँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| जम्मा | सन्तुष्टि | ठिकै | असन्तुष्टी |
|---|---|---|---|
| अंकमा | २७ | १४ | ० |
| प्रतिशतमा | ६६ | ३४ | ० |

**२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| जम्मा | सन्तुष्टि | ठिकै | असन्तुष्टी |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| अंकमा | २४ | १७ | ० |
| प्रतिशतमा | ५९ | ४१ | ० |
| **३ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?** | | | |
| जम्मा | सन्तुष्टि | ठिकै | असन्तुष्टी |
| अंकमा | २५ | १६ | ० |
| प्रतिशतमा | ६१ | ३९ | ० |
| **४. कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने** | | | |
| जम्मा | विश्वस्ता | ठिकै | अविश्वस्ता |
| अंकमा | ३१ | १० | ० |
| प्रतिशतमा | ७६ | २४ | ० |
| **५ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? तिरेको छैन र ?** | | | |
| जम्मा | एकदमै कम | धेरै तिरेको | नतिरेको |
| अंकमा | 0 | 0 | ४१ |
| प्रतिशतमा | 0 | 0 | १०० |
| **६ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?** | | | |
| जम्मा | एक दिन | दुई दिन | धेरै दिन |
| अंकमा | ४१ | ० | ० |
| प्रतिशतमा | १०० | ० | ० |
| **७ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?** | | | |
| जम्मा | विश्वस्ता | ठिकै | अविश्वस्ता |
| अंकमा | ३९ | २ | ० |
| प्रतिशतमा | ९५ | ५ | ० |
| **८ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ?** | | | |
| जम्मा | धेरै | ठिकै | गरेको छैन् |
| अंकमा | २० | २१ | ० |
| प्रतिशतमा | ४९ | ५१ | ० |
| **९ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?** | | | |
| जम्मा | धेरै | ठिकै | विश्वास छैन् |

| | | | |
|---|---|---|---|
| अंकमा | २५ | १६ | ० |
| प्रतिशतमा | ६१ | ३९ | ० |

**१०.यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| जम्मा | छ | छैन | अलि अलि थाहा छ |
|---|---|---|---|
| अंकमा | ३९ | २ | ० |
| प्रतिशतमा | ९५ | ५ | ० |

**११ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

| जम्मा | सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
|---|---|---|---|
| अंकमा | ४१ | ० | ० |
| प्रतिशतमा | १०० | ० | ० |

**१२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?**

| जम्मा | आफै | गाउँका ठुलाबडाको | मध्यस्ताकर्ता |
|---|---|---|---|
| अंकमा | ४१ | ० | ० |
| प्रतिशतमा | १०० | ० | ० |

**१३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्यो ?**

| जम्मा | एक पटक | दुइ पटक | सो भन्दा बढी |
|---|---|---|---|
| अंकमा | ४१ | ० | ० |
| प्रतिशतमा | १०० | ० | ० |

**१४ कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| जम्मा | अति राम्रो | ठिकै | नराम्रो |
|---|---|---|---|
| अंकमा | १३ | २८ | ० |
| प्रतिशतमा | ३२ | ६८ | ० |

**१५ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?**

| जम्मा | छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
|---|---|---|---|
| अंकमा | ३३ | ८ | ० |
| प्रतिशतमा | ८० | २० | ० |

**१६ कार्यालय र सेवागप्रही बीचको सम्बन्ध कस्तो छ ?**

| जम्मा | अति राम्रो | ठिकै | खासै राम्रो छैन् |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| अंकमा | २७ | १४ | ० |
| प्रतिशतमा | ६६ | ३४ | ० |
| **१७ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?** | | | |
| जम्मा | २० | १० | थाहा छैन |
| अंकमा | २५ | १६ | ० |
| प्रतिशतमा | ६१ | ३९ | ० |
| **१८ परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ?** | | | |
| जम्मा | छ | ठिकै छ | प्रतिनिधित्व स्वाटै कम छ |
| अंकमा | ३० | ११ | ० |
| प्रतिशतमा | ७३ | २७ | ० |
| **१९ नागरिक बडापत्र/उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?** | | | |
| जम्मा | धेरै | कम | गरेको छैन |
| अंकमा | ३७ | ४ | ० |
| प्रतिशतमा | ९० | १० | ० |
| **२० तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?** | | | |
| जम्मा | धेरै | ठिकै | अति कम |
| अंकमा | ३१ | १० | ० |
| प्रतिशतमा | ७६ | २४ | ० |
| **२१ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?** | | | |
| जम्मा | धेरै भएको छ | ठिकै भएको छ | भएकै छैन |
| अंकमा | २८ | १३ | ० |
| प्रतिशतमा | ६८ | ३२ | ० |

नागरिक प्रतिवेदन पत्र

| | | | |
|---|---|---|---|
| **१ शिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?** | | | |
| जम्मा | पाएँ | ठिकै पाएँ | स्पष्ट पाएँ |
| अंकमा | ३२ | ९ | ० |
| प्रतिशतमा | ७८ | २२ | ० |
| **२ कुनै शिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्यो ?** | | | |
| जम्मा | दिएँ | थोरै दिए | मागिएन र दिइएन पनि |
| अंकमा | ० | ० | ४१ |
| प्रतिशतमा | ० | ० | १०० |
| **३ त्यहाँबाट दिने शिफारिस लिंदा कसको सहयोग लिनुभयो ?** | | | |
| जम्मा | आफैं | मध्यस्ता कर्ता वा कार्यालयकै मान्छे | नेता वा ठुलाबडा |
| अंकमा | ४१ | ० | ० |
| प्रतिशतमा | १०० | ० | ० |
| **४ राजस्व, शुल्क तथा दस्तुर को कससँग उठाउने गर्दछन् ?** | | | |
| जम्मा | नियमानुसार | सबैसँग कर उठाउँछन् | पूर्वाधार तथा सरसफाई सम्बन्धी |
| अंकमा | ४१ | ० | ० |
| प्रतिशतमा | १०० | ० | ० |
| **५ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?** | | | |
| जम्मा | राम्रो | ठिकै | खराब |
| अंकमा | १८ | २३ | ० |
| प्रतिशतमा | ४४ | ५६ | ० |
| **६ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?** | | | |
| जम्मा | तुरुन्तै | पटक पटक भनेपछि मात्रै हुन्छ | जति भने पनि हुन्न |
| अंकमा | ४० | १ | ० |
| प्रतिशतमा | ९८ | २ | ० |

| ७ तपाईको विचारमा जि.स.स./न.पा./गा.पा. ले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ? | | | |
|---|---|---|---|
| जम्मा | नियमित र राम्रो सँग | ठिकै गर्छ | नियमित रुपमा गर्दैनन |
| अंकमा | २२ | १९ | ० |
| प्रतिशतमा | ५४ | ४६ | ० |

| ८ तपाईको गा.पा./ न.पा. मा विकास निर्माणको स्थिति कस्तो छ ? | | | |
|---|---|---|---|
| जम्मा | राम्रो | ठिकै | खराब |
| अंकमा | १७ | २४ | ० |
| प्रतिशतमा | ४१ | ५९ | ० |

| ९ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ? | | | |
|---|---|---|---|
| जम्मा | प्रभावकारी छन | ठिकै छन् | प्रभावकारी छैनन् |
| अंकमा | २७ | १४ | ० |
| प्रतिशतमा | ६६ | ३४ | ० |

| १० योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ? | | | |
|---|---|---|---|
| जम्मा | सहज | ठिकै | अफ्ठ्यारो पार्छन |
| अंकमा | २० | २१ | ० |
| प्रतिशतमा | ४९ | ५१ | ० |

| ११ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ? | | | |
|---|---|---|---|
| जम्मा | पर्दैन | मागेर लिन्छन | रकम नदिए अफ्ट्यारो पार्छन |
| अंकमा | | | ४१ |
| प्रतिशतमा | | | १०० |

| १२ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ? | | | |
|---|---|---|---|
| जम्मा | सजिलै पाइयो | कहिलेकाही पाइयो | माग गर्दा पनि पाइएन |
| अंकमा | ३६ | ५ | ० |
| प्रतिशतमा | ८८ | १२ | ० |

| १३ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ? | | | |
|---|---|---|---|
| जम्मा | सजिलै पान्छ | सोधे पछि पान्छ | सोधे पनि पाइदैन |
| अंकमा | २५ | १६ | ० |
| प्रतिशतमा | ६१ | ३९ | ० |

| १४ सार्वजनिक निकायको आचारसंहिता पालना भएको छ ? | | | |
|---|---|---|---|
| जम्मा | पालन भएको छ | ठिकै पालना भएको छ | कत्ति पनि पालना भएको छैन् |
| अंकमा | २८ | १३ | ० |
| प्रतिशतमा | ६८ | ३२ | ० |

| १५ योजना सञ्चालन गर्दा जि.स.स./न.पा./गा.पा. बाट कत्तिको सहयोग पाउनु भएकोछ ? | | | |
|---|---|---|---|
| जम्मा | धेरै सहयोग पाएको छु | ठिकै सहयोग पाएको छु | निरुत्साहित गरिन्छ |
| अंकमा | २६ | १५ | ० |
| प्रतिशतमा | ६३ | ३७ | ० |

| १६ (क) कार्यालयको आर्थिक श्रोत कस्तो छ ? | | | |
|---|---|---|---|
| जम्मा | आवश्यक श्रोत उपलब्ध छ | कम श्रोत उपलब्ध छ | अति कम श्रोत उपलब्ध छ |
| अंकमा | १२ | २९ | ० |
| प्रतिशतमा | २९ | ७१ | ० |

| १६ (ख) काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ? | | | |
|---|---|---|---|
| जम्मा | अति सरल | ठिकै | जटिल |
| अंकमा | २६ | १५ | ० |
| प्रतिशतमा | ६३ | ३७ | ० |

| १६ (ग) कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ? | | | |
|---|---|---|---|
| जम्मा | आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप नै कम छ |
| अंकमा | ४० | १ | ० |
| प्रतिशतमा | ९८ | २ | ० |

| १६ (घ) सार्वजनिक निकायको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ? | | | |
|---|---|---|---|
| जम्मा | टाँसेको देखेको छु | कहिलेकही टाँसेको देखिन्छ | खै कतै देखिएन |
| अंकमा | २२ | १९ | ० |
| प्रतिशतमा | ५४ | ४६ | ० |

| १७ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ? | | | |
|---|---|---|---|
| जम्मा | ठिकै छ | ठिकै मुल्यांकण हुने गरेको छ | कहिल्यै पनि भएको थाहा छैन् |
| अंकमा | ३२ | ९ | ० |

| | | | |
|---|---|---|---|
| प्रतिशतमा | ७८ | २२ | ० |
| **१८ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?** | | | |
| जम्मा | सन्तुष्ट | ठिकै | कुनै जानकारी नै छैन |
| अंकमा | २६ | १५ | ० |
| प्रतिशतमा | ६३ | ३७ | ० |
| **१९ सार्वजनिक निकायमा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?** | | | |
| जम्मा | १ पटक | २ पटक | कार्यक्रमको बारेमा कुनै जानकारी नै छंन |
| अंकमा | १० | २९ | २ |
| प्रतिशतमा | २४ | ७१ | ५ |
| **२० सार्वजनिक निकायमा अहिले सम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?** | | | |
| जम्मा | धेरै | कम | भएकै छैन |
| अंकमा | ३० | ९ | २ |
| प्रतिशतमा | ७३ | २२ | ५ |
| **२१ सार्वजनिक निकायमा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?** | | | |
| जम्मा | भएको छ | अहिले सम्म संचालन भएको छैन | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
| अंकमा | २० | ७ | १४ |
| प्रतिशतमा | ४९ | १७ | ३४ |
| **२२ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ?** | | | |
| जम्मा | धेरै | ठिकै | कम |
| अंकमा | २३ | १७ | १ |
| प्रतिशतमा | ५६ | ४१ | २ |
| **२३ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?** | | | |
| जम्मा | संयन्त्र बनेको छ | कुनै संयन्त्र बनेकै छैन | कुनै जानकारी नै छैन |
| अंकमा | १७ | ८ | १६ |
| प्रतिशतमा | ४१ | २० | ३९ |
| **२४ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?** | | | |
| जम्मा | धेरै जानकारी पाएको छु | ठिकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |

| | | | |
|---|---|---|---|
| अंकमा | २३ | ११ | ७ |
| प्रतिशतमा | ५६ | २७ | १७ |

*(श्रोतः सार्वजनिक सुनुवाइ गर्ने प्रहार मिडिया प्रा.लिका प्रतिनिधिहरुद्वारा वडा नं १ देखि वडा नं ५ सम्ममा पुगेर स्थलगत रुपमा गरेको सर्वेक्षण, २०८२ पौष )*

# अनुसुची-५

## पत्रपत्रिका तथा अनलाइनमा प्रकाशित सार्वजनिक सुनुवाईका समाचारहरु



# सुनापतिका अध्यक्ष ठुलोकान्छा तामाङको दाबी- 'गफ कम, काम धेरै'

प्रहार डटकम/रामेछाप

रामेछापको सुनापति गाउँपालिकाका अध्यक्ष ठुलोकान्छा तामाङले जनप्रतिनिधिहरूले चुनावका बेला गरेका वाचाहरू भाषणमा मात्र सीमित नराखी काममै उतारेर देखाएको बताएका छन्। बिहीबार सुनापति गाउँपालिकाको वडा नं ५ खनियापानीमा आयोजित चालू आर्थिक वर्षको पहिलो चौमासिकको सार्वजनिक सुनुवाइ कार्यक्रममा स्थानीय नागरिकले उठाएका प्रश्न, गुनासा र जिज्ञासाको उत्तर दिँदै उनले यस्तो बताएका हुन्।

सार्वजनिक सुनुवाइमा नागरिकहरूले मुख्य गरी सडक पूर्वाधारको अवस्थाबारे चासो राखेका थिए। सुनापति गाउँपालिकाको विभिन्न सडकखण्डको बाँकी रहेको कालोपत्रे गर्ने काममा भइरहेको ढिलाइबारे स्थानीय वाङ्गेल तामाङ र भीमबहादुर तामाङले जिज्ञासा राखेका थिए। जवाफमा अध्यक्ष तामाङले भने, "त्यो खण्डको ९ करोडको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ। यसलाई प्रदेश पूर्वाधार विकास कार्यालयसँगको समन्वयमा बहुवर्षीय ठेक्का प्रक्रियामा लैजाने सुनिश्चितता भइसकेको छ। केही समयमै टेन्डर प्रक्रिया सकिएर काम अगाडि बढ्नेछ।" त्यस्तै, वर्षायामका कारण बिग्रिएका सहायक सडकहरूको मर्मत र सरसफाइमा पनि गाउँपालिकाले उत्तिकै ध्यान दिइरहेको उनले बताए। विशेषगरी बिरामी बोक्ने एम्बुलेन्स सेवा प्रभावित हुन नदिने गरी सडकहरू सधैँ सुचारु राख्न जनप्रतिनिधि र प्राविधिक टोली सजग रहेको जानकारी उनले दिए। उनले भने, "हामी जनप्रतिनिधिहरू सधैँ सजग छौँ, सडक सरसफाइ र मर्मतको कामलाई हामीले उच्च प्राथमिकतामा राखेका छौँ।"

पालिकाकै अस्पतालमा जटिल सेवा स्वास्थ्य सेवाको विषयमा बोल्दै अध्यक्ष तामाङले सुनापतिबासीले अब सामान्य उपचारका लागि काठमाडौँ वा अन्यत्र भौँतारिनु नपर्ने दाबी गरे। "हामीले अस्पताल उद्घाटन गरेर डाक्टरसहितको जनशक्ति परिचालन गरिसकेका छौँ। एक्स-रे मेसिनका लागि ५० लाखभन्दा बढी खर्च लाग्ने देखिएपछि पालिकाको रकम जोगाउन हामीले स्वास्थ्य मन्त्रालयसँग समन्वय गरेका छौँ," उनले भने, "मन्त्रालयबाट अनुगमन टोली आउँदैछ। अनुगमनपछि प्राप्त हुने १ करोड बजेटबाट अत्याधुनिक उपकरणहरू थपिनेछन्।" अबको केही समयमै एक्स-रे सेवा पनि पालिकाबाटै उपलब्ध हुने उनले विश्वास दिलाए।

सुशासन र पारदर्शितामा प्रतिबद्धता जनाउँदै अध्यक्ष तामाङले सुनापति गाउँपालिकामा सुशासन कायम रहेको र विकास बजेटको पारदर्शी कार्यान्वयन भइरहेको बताए। कार्यक्रममा सोधिएका प्रश्नहरूको उत्तर दिँदै उनले भने, "हामी जनप्रतिनिधिहरू र कर्मचारीहरू आफ्नो जिम्मेवारीप्रति पूर्ण सजग छौँ। नागरिकका गुनासाहरूलाई हामीले सधैँ प्राथमिकतामा राखेका छौँ। त्यसैले त आज धेरै गुनासो सुन्नु परेन, किनकि हामीले काम गरेर देखाएका छौँ।"

उनले थप स्पष्ट पार्दै भने, "हाम्रो कार्यकाल अझै डेढ वर्ष बाँकी छ। चुनावका बेला घोषणापत्रमा जे-जे लेखेका थियौँ, त्योभन्दा पनि बढी काम गरेर जनतालाई समृद्धिको अनुभूति दिलाउनेछौँ। हामी काममा विश्वास गर्छौँ, भाषणमा होइन।" साझा प्रयासबाट समृद्ध सुनापति कार्यक्रमको अन्त्यमा अध्यक्ष तामाङले सुनापतिलाई समृद्ध बनाउन जनप्रतिनिधि र कर्मचारी मात्र नभएर नागरिक समाज, राजनीतिक दल र सम्पूर्ण सुनापतिबासी एकजुट हुनुपर्नेमा जोड दिए। उनले विकास निर्माणका काममा बाधा पुऱ्याउनेभन्दा पनि सल्लाह र सुझाव दिएर सहयोग गर्न सबैलाई आग्रह गरे। "हामी सबैको एउटै लक्ष्य सुनापतिको विकास हो, यसमा सबैको साथ चाहिन्छ," उनले भने।

**सुनापतिको पहिलो चौमासिकको खर्च १५.२९ प्रतिशत, राजश्व लक्ष्य भन्दा बढी संकलन**

सुनापति गाउँपालिकाले चालु आर्थिक वर्षको पहिलो चौमासिक अवधिमा कुल बजेटको १५.२९ प्रतिशत खर्च गरेको छ। सार्वजनिक सुनुवाइ कार्यक्रममा खर्चको विवरण प्रस्तुत गर्दै प्रमुख प्रशासकीय अधिकृत सुरेश कुमार श्रेष्ठले चालु आर्थिक वर्षको पहिलो चार महिनामा समग्र खर्च १५.२९ प्रतिशत भएको बताए। उनका अनुसार कुल खर्चमध्ये चालु तर्फ २१.९४ प्रतिशत र पुँजीगत तर्फ ३.९४ प्रतिशत खर्च भएको छ। श्रेष्ठले प्रथम चौमासिकको आय-व्यय विवरण प्रस्तुत गर्दै वास्तविक आयको तुलनामा खर्चको अनुपात कम देखिएको बताए। यद्यपि, राजस्व संकलन तथा कार्यसम्पादनको क्षेत्रमा भने गाउँपालिकाले सन्तोषजनक प्रगति गरेको उनको भनाइ छ। उनले वार्षिक लक्ष्यको ३८.३९ प्रतिशत राजस्व संकलन भइसकेको जानकारी दिँदै पहिलो चार महिनामै कुल १९ लाख १९ हजार ३२ रुपैयाँ राजस्व संकलन भएको बताए। सार्वजनिक सुनुवाइ कार्यक्रममा सुनापति गाउँपालिकाका उपाध्यक्ष गीता विष्ट, वडा नं. ३ का वडाध्यक्ष कुल बहादुर थिङ, वडा नं. ४ का वडाध्यक्ष डण्डुप लामा र वडा नं. ५ का वडाध्यक्ष चित्र बहादुर मानन्धर, विषयगत शाखाका प्रमुखहरू, वडा सदस्यहरू, विभिन्न विद्यालयका प्रधानाध्यापकहरू र सेवा प्रदायक निकायका प्रतिनिधिहरू जवाफदेही वक्ताको रूपमा सहभागी भएका थिए। कार्यक्रममा नेपाल पत्रकार महासंघ रामेछापका पूर्व अध्यक्ष हिमाल ढुंगेलले सुनापति गाउँपालिकाले सुशासन, पारदर्शिता र जवाफदेहितालाई प्राथमिकतामा राखेर नियमित सार्वजनिक सुनुवाइ गर्नु प्रशंसनीय कार्य भएको बताए। यस्ता कार्यक्रमले नागरिकलाई सशक्त र सचेत बनाउने विश्वास उनले व्यक्त गरे। नेपाली कम्युनिष्ट पार्टीका युवा नेता तेज थिङ, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू तथा स्थानीय बासिन्दाहरूको उपस्थिति रहेको उक्त कार्यक्रम सुनापति गाउँपालिकाको आयोजना र प्रहार मिडिया प्रालिको सहजीकरणमा सम्पन्न भएको हो। कार्यक्रममा झण्डै दुई सय जनाको सहभागिता रहेको थियो।

